नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः २६, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## सिद्धलेक गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७७ लाई संशोधन गर्न बनेको नियमावली,२०७९

गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९



सिद्धलेक गाउँपालिका

## सिद्धलेक गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७७ लाई संसोधन गर्न बनेको नियमावली,२०७९

सिद्धलेक गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७७ लाई संसोधन गर्न वाञ्छनिय भएकोले,

सिद्धलेक गाउँपालिकाले देहाय बमोजिमको नियमावली स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम सिद्धलेक गाउँपालिकाको सार्वजनिक खरिद ( पहिलो) संसोधन नियमावली,२०७९ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. सिद्धलेक गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ९५ को उपनियम (१) मा संसोधनः** सिद्धलेक गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७७ को नियम ९५ को उपनियम(१) को दोश्रा हरफमा रहेको प्रमुख प्रशासकीय अधिकृतको निर्णयले **पाँचलाख रुपैंया सम्म** भन्ने वाक्यांश लाई संसोधन गरी दशलाख सम्म भन्ने वाक्यांश थपिएको ।

३. **सिद्धलेक गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७७ को नियम १५८ को उपनियम(५) पछि उपनयिम (६) थप गरिएको-**

**उपनियम (६) दररेट निर्धारण समितिले दररेट निर्धारण गर्दा प्रचलित जिल्ला दररेट वा संघीय सरकारका कार्यालयहरुवाट नर्म्स विश्लेषण गरिएको दररेटलाई कायम गर्न सक्नेछ ।**